किशोरकिशोरीको समग्र विकासका लागि

किशोर किशोरी भए दक्ष, बन्छ देशको भविष्य

# रूपान्तरण

## सहजकर्ता तालिम पुस्तिका

खण्ड ८

# प्राथमिक उपचार



# प्राक्कथन

नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका लागि उनीहरूको अधिकार र विकाससँग सम्बन्धित सवालहरूलाई आफ्ना नीति, योजना तथा कार्यक्रमहरूमा एकीकृत रुपमा समायोजन गर्दै विकास प्रक्रियाको मूलप्रवाहमा समाहित गर्ने पहल गरेको छ ।

किशोरावस्थामा आउने विभिन्न शारीरिक, मानसिक, बौद्धिक र सामाजिक परिवर्तनहरूलाई बुझ्न नसक्दा र यस्ता परिवर्तनहरूमा अभिभावकहरूको उचित साथ र सहयोग नपाउँदा किशोरकिशोरीले विभिन्न जोखिमपूर्ण र संवेदनशील परिस्थितिको सामना गर्न बाध्य हुनुपर्दछ । अर्कातिर, समाजमा विद्यमान गलत धारणा, परम्परा, मूल्यमान्यता र सोचाइले किशोरकिशोरीको समग्र विकासमा असर पुऱ्याएको पाइन्छ । यिनै चुनौतीहरूलाई मध्यनजर गरी नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका निम्ति आवश्यक सवालहरूलाई सम्बोधन गर्दै उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धनका लागि "किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना २०७०/७१-२०७४/७५" तयार गरी, सो कार्ययोजनाको कार्यान्वयन अगाडि बढाएको छ । उक्त कार्ययोजनामा समावेश गरिएका विभिन्न सवालहरूमा किशोरकिशोरीको ज्ञान र सिप अभिवृद्धि गर्ने उद्देश्य अनुरुप "रूपान्तरण" तालिम पुस्तिका तयार गरिएको हो ।

यस तालिम पुस्तिकामा स्वस्थ र सुरक्षित वातावरण, शिक्षा र सीप, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण, नागरिक संलग्नता र सहभागिता, लैङ्गिक समता र सामाजिक समावेशीकरण जस्ता कार्ययोजनाले महत्त्वपूर्ण ठानेका सवालहरूलाई समावेश गरिएको छ । १०-१४ बर्ष र १५-१९ वर्षका किशोरकिशोरीमा आउने फरक परिवर्तनहरूलाई ध्यान दिँदै तालिमका सत्र तथा मुख्य सन्देशहरू तयार गरिएका छन् । त्यसैगरी किशोरकिशोरीको विकासका लागि समुचित वातावरण तयार गर्न अभिभावकहरूको महत्त्वपूर्ण भूमिका हुने भएकाले अभिभावकहरूका लागि पनि छुट्टै तालिम पुस्तिका तयार गरिएको छ ।

"रूपान्तरण"ले किशोरकिशोरीको स्थितिमा सकारात्मक परिवर्तन ल्याउन सक्ने अपेक्षा सहित यसलाई राष्ट्रिय कार्ययोजना कार्यान्वयनको एउटा अंशको रुपमा लिइएको छ ।

तालिम पुस्तिका तयारीका क्रममा किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजनाले पहिचान गरेका सवालहरूलाई आत्मसात् गर्दै उनीहरूको विकासका लागि तयार गरिएका विभिन्न स्रोत सामग्रीहरू, तालिम निर्देशिकाहरू, प्रतिवेदन आदिको सङ्कलन, अध्ययन तथा विश्लेषण गरिएको थियो । किशोरकिशोरीका सवालहरू, अपेक्षाहरू र उनीहरूले रुचाउने सिकाइ विधिहरूको पहिचानका लागि अछाम, सप्तरी र दोलखाका किशोरकिशोरी तथा सरोकारवालाहरूसँग परामर्श गरिएको थियो । बिषयगत प्राविधिक विशेषज्ञहरूसँग सल्लाह तथा सुझाव लिइएको थियो । यसरी तयार गरिएको तालिम पुस्तिकाको खाकालाई अछाम र सप्तरी जिल्लाका किशोरकिशोरी र अभिभावकहरूसँग पूर्व परीक्षण गरी अन्तिम रुप दिइएको थियो ।

"रूपान्तरण" तालिम पुस्तिका तयारीका लागि अग्रसरता देखाउने सम्बन्धित मन्त्रालयका पदाधिकारीहरू, आर्थिक तथा भौतिक सहयोग गर्ने संयुक्त राष्ट्र बाल कोष (UNICEF) तथा संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA), तालिम पुस्तिका तयारी गर्ने संस्थाहरू रेस्टलेस डेभलपमेन्ट, सिविन नेपाल र रिन्युएबल वर्ल्ड, तालिम पुस्तिकालाई अछाम र सप्तरीका किशोरकिशोरी र अभिभावक बिचमा पूर्व परीक्षण गरी महत्त्वपूर्ण सुझावहरू सङ्कलन गर्ने सम्झौता नेपाल र वाइ पियर नेपाल प्रति नेपाल सरकार आभार प्रकट गर्दछ । तालिम पुस्तिका तयार गर्ने क्रममा सेभ द चिल्ड्रेन नेपालले दिएको सल्लाह र सुझाव तथा यस पुस्तिकाको पूर्व परीक्षणका लागि गरेको महत्त्वपूर्ण सहयोग सराहनीय छ ।

त्यस्तै यो तालिम पुस्तिका लेखन तथा सम्पादनमा संलग्न व्यक्तित्वहरू, निर्माणका क्रममा सरसल्लाह तथा सुझाव दिनुहुने संस्थाहरू, किशोरकिशोरीहरू, शिक्षक तथा अभिभावकहरू धन्यबादका पात्र हुनुहुन्छ ।

तालिम पुस्तिकाको प्रभावकारी कार्यान्वयनले किशोरकिशोरीको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा, नेपाल सरकार यस पुस्तिकाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरकारी र स्थानीय निकाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू र नागरिक समाजसँग हार्दिक आग्रह गर्दछ ।

धन्यवाद ।

**चुडामणि पौडेल**
सह सचिव,
युवा तथा खेलकुद मन्त्रालय

**कृष्ण प्रसाद पौड्याल**
महानिर्देशक
महिला तथा बालबालिका विभाग

## परिचयः

घाइते वा बिरामीलाई तत्काल उपलब्ध स्थानीय साधन र स्रोतहरूको प्रयोग गरी दक्ष चिकित्सक वा अस्पतालसम्म नपुग्दासम्म गरिने स्याहार वा सुसारलाई प्राथमिक उपचार भनिन्छ । प्राथमिक उपचारले घाइतेको अवस्था बिग्रन नदिई जीवन बचाउन सहयोग गर्दछ । घाइतेलाई तत्काल कुनै प्राथमिक उपचार नगर्दा उसको अवस्था गम्भीर हुन पनि सक्ने वा मृत्यु समेत हुन सक्ने भएकाले प्राथमिक उपचारको महत्त्व अत्यन्त बढी हुन्छ ।

किशोरकिशोरीसँग प्राथमिक उपचारको ज्ञान भएमा उनीहरूले सामान्य चोटपटक लाग्दा, बेहोस हुँदा, श्वासप्रश्वास रोकिँदा, पोलाइ तथा करेन्ट लाग्दा, बिष सेवन जस्ता अवस्थाहरूबाट आफू बच्न र समाजमा यस्ता घटना दुर्घटना भएमा अरूलाई सहयोग पुर्‍याउन सक्दछन् ।

यस खण्डबाट किशोरकिशोरीले प्राथमिक उपचारको परिचय, महत्त्व र सिद्धान्तका साथै प्राथमिक उपचारको जिम्मेवारीको बारेमा थाहा पाउने छन् । यदि किशोरकिशोरीले प्राथमिक उपचार सम्बन्धी थप तालिम लिई प्राथमिक उपचारको सिप विकास गर्न चाहेमा नजिकका सम्बन्धित निकायहरूसँग सम्पर्क राख्ने सम्बन्धमा समेत जानकारी हासिल गर्नेछन् ।

# सत्र ८ | प्राथमिक उपचार

### उद्देश्य :

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- प्राथमिक उपचार भनेको के हो बताउन सक्नेछन् ।
- कुन कुन प्राथमिक उपचार हुन् भनी उदाहरणसहित व्याख्या गर्न सक्नेछन् ।
- प्राथमिक उपचारकको जिम्मेवारीको सूची तयार गर्न सक्नेछन् ।
- प्राथमिक उपचारको सिद्धान्तका सम्बन्धमा स्पष्ट हुनेछन् ।

### समयः

२ घण्टा १५ मिनेट

### आवश्यक सामग्रीहरूः

न्युजप्रिन्ट, मार्कर अथवा कालोपाटी र चक, बाकस/कागजको झोला

### पूर्व तयारी :

प्राथमिक उपचारका सिद्धान्तहरूको मुख्य मुख्य बुँदाहरूको चिट लेखी बाकस वा कागजको झोलामा राख्ने ।

### विधि :

चित्र छलफल, प्रस्तुतीकरण, समूह छलफल र खेल

१० मिनेट

## अघिल्लो सत्रको पुनरावलोकन

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ बर्ष उमेर समूहका लागि

३० मिनेट

# क्रियाकलाप १ः
# प्राथमिक उपचार भनेको के हो ?

**उद्देश्य** : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले : प्राथमिक उपचार भनेको के हो बताउन सक्नेछन् ।

**विधि** : प्रस्तुतीकरण, समूह छलफल

**आवश्यक सामग्री** : चित्र, न्युजप्रिन्ट, सेतोपाटी, मार्कर



१. सहभागीहरूलाई प्राथमिक उपचारसँग सम्बन्धित चित्र देखाई चित्रमा के देखियो भनी सोध्ने ।

२. त्यसपछि प्राथमिक उपचार भनेको के हो भनी सोध्ने । सहभागीहरूबाट आएका उत्तरहरूलाई न्युजप्रिन्ट वा सेतोपाटीमा टिप्दै जाने ।

३. सहभागीमध्ये कुनै एक सहभागीलाई प्राथमिक उपचारको तल दिएको परिभाषा अन्य सहभागीले सुन्ने गरी पढ्न लगाउने ।

### प्राथमिक उपचार

घाइते वा बिरामीलाई तत्काल उपलब्ध स्थानीय साधन र स्रोतहरूको प्रयोग गरी सुरक्षा नियमका आधारमा दक्ष चिकित्सकबाट उपचार सेवा नपाउँदासम्म गरिने स्याहार वा सुसार नै प्राथमिक उपचार हो ।

४. सहभागीलाई कुन कुन अवस्थामा प्राथमिक उपचार आवश्यक हुन्छ भनी सोध्ने र उनीहरूबाट आएका कुरालाई न्युजप्रिन्ट वा कालोपाटीमा टिप्दै जाने ।

## प्राथमिक उपचारसँग सम्बन्धित चित्र



५. सहजकर्ताले थप प्रस्ट पारिदिनका लागि प्राथमिक उपचार निम्न अवस्थामा गरिन्छ भनी प्रस्ट पारिदिने :-

क) बेहोसी

ख) श्वास प्रश्वास समस्या

ग) रक्तस्राव र क्षोभ (बेहोस हुनु)

घ) टाउको र मेरुदण्डको चोट

ङ) घाउ र चोटपटक

च) हाड भाँचिनु वा खुस्किनु

छ) पोलाइ तथा करेन्ट लागेको

ज) विष सेवन

### निष्कर्ष :

- दैनिक कामकाजको सिलसिला वा खेल्ने क्रममा सानातिना चोटपटक लाग्नु सामान्य कुरा हो । कहिलेकाहीँ ठूलो दुर्घटनामा परेर मानिसहरू गम्भीर रूपमा घाइते हुने गरेको हामीले देखेका, भोगेका वा सुनेका छौं ।
- यस प्रकारका साना-ठुला घाउचोट लाग्दा घाइतेको जीवन खतरामा पर्नबाट जोगाउन वा अङ्गभङ्ग हुनबाट जोगाउन स्थानीय रूपमा उपलब्ध साधन र स्रोत प्रयोग गरी आवश्यक प्राथमिक उपचार गर्नुपर्छ । त्यसपछि जतिसक्दो छिटो घाइते वा विरामीलाई दक्ष चिकित्सकको सेवाका लागि अस्पताल लानुपर्छ ।
- प्राथमिक उपचार आधिकारिक निकायको दक्ष प्रशिक्षकबाट तालिम लिएर मात्र गर्नुपर्छ ।

१०-१९ वर्ष
उमेर समूहका लागि

३० मिनेट


# क्रियाकलाप २ :
# कुन प्राथमिक उपचार हो ?

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
कुन कुन प्राथमिक उपचार हुन् भनी उदाहरणसहित व्याख्या गर्न सक्नेछन् ।

**विधि :** चित्र प्रस्तुतीकरण र छलफल

**आवश्यक सामग्री :** चित्र

सहजकर्ताले तल दिइएको चित्र देखाई कुन कुन चित्रमा प्राथमिक उपचारको कार्य भइरहेको छ भनी सोध्ने । सहभागीहरूबाट आएका उत्तरहरू तल उल्लेख भएअनुसार रुजु गर्ने :-




माथिका चित्रहरू मध्ये चित्र नं. २, ३, ४ प्राथमिक उपचार हुन् भनी जानकारी गराउने ।

त्यसपछि सहभागीलाई प्राथमिक उपचारका प्रमुख तीन उद्देश्यहरू यस प्रकार रहेका छन् भनी कागजको टुक्रामा लेखी प्रस्तुत गर्दै प्रस्ट पारिदिने :

| अवस्था | व्याख्या |
|---|---|
| १. **जीवन बचाउनु** | जीवन खतरामा पर्ने अवस्थाहरू जस्तै श्वासप्रश्वास रोकिएमा, धेरै रक्तस्राव र क्षोभ भएमा तत्काल प्राथमिक उपचार गरी घाइतेको जीवन बचाउन सकिन्छ । |
| २. **अवस्था अझ बढी बिग्रन नदिनु** | • कतिपय घाउचोट लागेको स्थितिमा तत्काल प्राथमिक उपचार नभए अवस्था जटिल भएर घातक नतिजा समेत आउन सक्दछ । जस्तैः हाड भाँचिएको अवस्थामा तत्काल भाँचिएको अङ्ग स्थिर नपारिएमा भाँचिएको हाड चल्न जाँदा धमनी काटिएर धेरै रक्तस्राव हुने सम्भावना रहन्छ ।<br>• तत्काल प्राथमिक उपचार गर्नाले अवस्था झन् झन् बिग्रन पाउँदैन । |

| | |
|---|---|
| ३. **अवस्थामा सुधार ल्याउनु** | • कतिपय घाउ/चोटपटक लागेको अवस्थामा घाउलाई खुल्ला राखेमा रक्तस्राव र सङ्क्रमण भई अवस्था बिग्रन सक्दछ । <br> • तत्काल रक्तस्राव रोकी घाउलाई पट्टि बाँधेमा रक्तस्राव बन्द हुने र सङ्क्रमण हुन नपाई घाउ चाँडो निको हुन सहयोग पुग्दछ । |

**निष्कर्ष :**
प्राथमिक उपचारले घाइतेको अवस्था बिग्रन नदिई जीवन बचाउन सहयोग गर्दछ । घाइतेलाई तत्काल कुनै प्राथमिक उपचार नगर्दा उसको अवस्था गम्भीर हुन पनि सक्ने वा मृत्यु समेत हुन सक्ने भएकाले प्राथमिक उपचारले घाइतेको अवस्थामा सुधार ल्याउन ठुलो सहयोग गर्दछ ।

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप ३ :
# प्राथमिक उपचार दिने व्यक्तिको जिम्मेवारी

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
प्राथमिक उपचारकको जिम्मेवारीको सूची तयार गर्न सक्नेछन् ।

३५ मिनेट

**विधि :** समूह छलफल

**आवश्यक सामग्री :** न्युजप्रिन्ट, मार्कर

१) सहभागीहरूलाई तिनवटा समूहमा विभाजन गर्ने ।

२) सहभागीलाई प्राथमिक उपचारकका मुख्य जिम्मेवारीहरू के के हुन्छन् भनी समूहमा छलफल गर्न लगाई ठुलो समूहमा प्रस्तुतीकरण गर्न लगाउने । (समूह छलफलको लागि २० मिनेट र प्रस्तुतीकरणको लागि १० मिनेट समय व्यवस्थापन गर्ने ।)




३) सहजकर्ताले सहभागीहरूलाई उनीहरूले समूहमा गर्नुपर्ने कामका सम्बन्धमा प्रस्ट बनाउनका लागि प्राथमिक उपचारकका मुख्य जिम्मेवारीहरू लेखिएको न्युजप्रिन्ट सहभागीहरूले देख्नेगरी राख्ने ।

## प्राथमिक उपचारकका मुख्य जिम्मेवारीहरू

| अवस्था | व्याख्या |
|---|---|
| १. **सुरक्षाको स्थिति सुनिश्चित गर्ने** | दुर्घटनास्थलमा खतराहरू भए नभएको पहिल्याउनु पर्दछ । आफू र घाइते साथै अन्य व्यक्तिको स्थिति सुरक्षित पार्ने कार्य प्राथमिक उपचारकको प्रथम दायित्व मानिन्छ । प्राथमिक उपचारकले सुरक्षाका लागि मास्क, ग्लोब्स, चस्मा लगायतका सुरक्षा सामग्रीको प्रयोग गर्नुपर्दछ । |
| २. **उपलब्ध साधन र स्रोतहरूको उपयोग गर्ने** | प्राथमिक उपचार गर्ने व्यक्ति दुर्घटनास्थलमा पुग्दा उसलाई आफ्नो कार्य गर्ने क्रममा अन्य सहयोग, थप साधन र सामग्रीहरूको आवश्यकता पर्न सक्छ । यसका लागि ठाउँ अनुसार स्थानीय व्यक्ति, साधन र सामग्रीहरूको उपयोग गरेर आफ्नो सेवालाई सफल पार्ने दायित्व प्राथमिक उपचारकको हुन्छ । |
| ३. **जाँच/ परीक्षण गर्ने** | प्राथमिक उपचारकले घाइते वा बिरामीको अवस्था र यसका कारण बुझेर प्राथमिक उपचार गर्नुपर्ने हुन्छ । यसका लागि सर्वप्रथम के भएको हो भनी जाँच गर्नुपर्दछ । जस्तै, दुर्घटनाका घाइतेलाई टाउका देखि पाइतालासम्म जतातातै चोट लागेको हुनसक्दछ । जोखिमका आधारमा विचार गर्ने हो भने टाउकाको घाउ अन्य भागमा लागेको घाउ चोटभन्दा जीवनका लागि जोखिमपूर्ण हुन्छ । यसकारण प्राथमिक उपचारकले प्राथमिकताका आधारमा टाउकाको पहिला र क्रमशः छाती, पेटदेखि खुट्टातर्फ प्राथमिक उपचार गर्नुपर्दछ । यसका साथै प्राथमिक उपचारकले घाइते तथा बिरामीहरूको सम्भव भएसम्मका सूचना तथा विवरण सङ्कलन गर्नुपर्दछ । |
| ४. **प्राथमिक उपचार गर्ने** | प्राथमिक उपचारकले के भएको हो कुन अवस्था हो भन्ने जाँच गरेपछि प्राथमिकताअनुसार घाइतेको जीवन बचाउने, अवस्था बिग्रन नदिने र अवस्था सुधार गर्ने कार्यमा सहयोग पुग्ने गरी प्राथमिक उपचार गर्नुपर्दछ । |
| ५. **ओसार्ने** | घाइतेको अवस्थाअनुसार चिकित्सकलाई घटनास्थलमै बोलाउने हो वा स्ट्रेचर वा एम्बुलेन्स वा उपलब्ध अन्य साधनको प्रयोग गरी घाइते लाई अस्पतालमा लैजाने हो बुझेर आवश्यक व्यवस्था गर्नुपर्दछ । यसकालागि तत्काल निर्णय गर्ने र तयारी गर्ने जिम्मेवारी प्राथमिक उपचारकको हुन्छ । |
| ६. **विवरण दिने** | घाइतेलाई घटनास्थलबाट अस्पताल पुऱ्याइसकेपछि प्राथमिक उपचारकले घाइतेको विवरण अस्पताल प्रशासन तथा चिकित्सकलाई दिनु पर्दछ । यसले कतिपय अवस्थामा उपचार छिटो हुन मद्दत पुग्दछ । दुर्घटनाका बारेमा प्रहरी वा अन्य सम्बन्धित निकायले पनि यस प्रकारको जानकारी अस्पताल प्रशासनसँग माग्ने गर्छन् । जस्तैः घाइतेको नाम, ठेगाना, समस्या, समय, उपलब्ध गराइएको प्राथमिक उपचार आदि । घाइतेका बारेमा जे जति जानकारी छ उपलब्ध गराउनु पर्दछ । |

१०-१९ वर्ष
उमेर समूहका लागि

३० मिनेट

# क्रियाकलाप ४ :
# प्राथमिक उपचारका सिद्धान्तहरू

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
प्राथमिक उपचारको सिद्धान्तका बारेमा बताउन सक्नेछन् ।

**विधि :** खेल

**आवश्यक सामग्री :** वाद्यवादन, वाकस वा कागजको झोला, प्राथमिक उपचारका सिद्धान्त लेखिएका कागजका टुक्राहरू

१) सहभागीलाई गोलो घेरामा बस्न लगाउने । सहभागीमध्ये कुनै एकजना सहभागीलाई कुनै एउटा बाद्ययवादन (मादल, बाँसुरी, मोबाइलको गीत वा अन्य केही) बजाउन लगाउने ।

२) सहभागीहरूबिच प्राथमिक उपचारको सिद्धान्त लेखेर राखिएको बाकस वा कागजको झोला समूहमा घुमाउन लगाउने ।



३) समूहमा बाकस वा झोला घुमाउँदै गर्दा बाजा बजाउने सहभागीले बिच बिचमा बजाउन रोकिदिने र बाजा बज्न रोकिँदा जो सहभागीसँग बाकस वा झोला पुगेको छ, सो सहभागीलाई बाकसबाट कुनै एउटा चिट झिक्न लगाई पढ्न लगाउने । सहजकर्ताले सो शब्दबाट के बुझिन्छ भनेर सबै सहभागीलाई सोध्ने र थप प्रस्ट पारिदिने ।

४) बाकस वा झोलामा भएका चिटहरू नसकिउन्जेलसम्म प्रक्रियालाई निरन्तरता दिने ।

५) सहजकर्ताले थप प्रस्ट बनाउनका लागि तल दिइएको प्राथमिक उपचारका सिद्धान्तहरूको सहयोग लिने ।

## प्राथमिक उपचारका सिद्धान्तहरू:

प्राथमिक उपचारकले घाइते/बिरामीको प्राथमिक उपचार गर्दा निश्चित सिद्धान्तमा आधारित रहेर गर्नुपर्दछ । ती सिद्धान्तहरू यहाँ उल्लेख गरिएको छ :

१. सबैभन्दा पहिला सुरक्षा : घाइते/बिरामीको प्राथमिक उपचार गर्दा उपचारकले पहिले आफ्नो सुरक्षालाई प्राथमिकता दिनुपर्छ । त्यसपछि घाइते र नजिक रहेका अन्यको सुरक्षाको बारेमा समेत ध्यान दिनुपर्छ ।

२. अस्थायी हेरचाह : दुर्घटनामा प्रभावित घाइते वा बिरामीले दक्ष चिकित्सकको सेवा नपाउन्जेलसम्म उसलाई गरिने स्याहार सुसार अस्थायी हेरचाह हो । यस अवस्थामा प्राथमिक

उपचारकले दक्ष उपचारकले जस्तो उपचार गर्न सक्दैन । उसले प्राथमिक उपचार मात्र गर्ने हो ।

३. मानवतामा आधारित नैतिक सहयोग : प्राथमिक उपचार गर्न कसैलाई कानुनी रूपमा बाध्य गराउन सकिँदैंन । तर समुदायमा रहेका सुख दुःखलाई बाँडचुँड गर्ने चलन अनुसार दुर्घटनामा चोटपटक लागेका असहाय व्यक्तिलाई सहयोग गर्नु आफ्नो नैतिक र मानवीय कर्तव्य ठानेर प्राथमिक उपचार गरिएको हुन्छ । यस अर्थमा प्राथमिक उपचारलाई मानवतामा आधारित सहयोग मान्न सकिन्छ ।

४. निष्पक्षता : प्राथमिक उपचारकले कुनै पनि आधारमा भेदभाव नगरी घाइतेलाई निष्पक्ष सेवा पुऱ्याउँदछ । तर यसको अर्थ प्राथमिकताका आधारमा जसलाई जे बढी आवश्यक हुन्छ सो अनुसार सेवा प्रदान गर्नु पनि हो । यस्तै प्रकारले प्राथमिक उपचारकले धेरै घाइते वा बिरामी भेटेको स्थितिमा पनि सबैभन्दा गम्भीरलाई पहिलो प्राथमिकता दिने गरी आफ्नो सेवा अगाडि बढाउनु पर्दछ ।

५. तटस्थता : कुनै घटना हुनुमा विवादास्पद कारण पनि हुनसक्छ । सडक दुर्घटना हुँदा चालक वा यात्रुमध्ये कसैको त्रुटिको कारणले दुर्घटना भएको हुनसक्छ । हुलदङ्गा हुँदा विवादको साम्प्रदायिक, राजनीतिक आदि विभिन्न मुल कारण हुन सक्छन् । यस्तो विवादास्पद अवस्थामा प्राथमिक उपचारकले उपचारबाहेक घटनाको कारणको विश्लेषण गर्ने, के सही के गलत भनेर आफ्नो भनाइ राख्ने  र न्यायिक प्रक्रियामा भाग लिने कार्य गर्दैन । प्राथमिक उपचार प्रदान गर्दा को के हो भन्ने आधारमा कसैलाई प्राथमिक उपचार उपलब्ध गराउने वा नगराउने काम पनि गर्नु हुँदैन । प्राथमिक उपचार तटस्थतामा आधारित सेवा हो ।

यसका अतिरिक्त राजनीतिप्रेरित द्वन्द्वात्मक परिस्थितिमा प्राथमिक उपचारकको रूपमा काम गर्ने व्यक्तिले राजनीतिक दृष्टिकोणले पनि तटस्थ हुनु पर्दछ । प्राथमिक उपचारक तटस्थ रहेमा सबै पक्षबाट सहयोग र विश्वास प्राप्त गर्न सक्दछ ।

६. स्वेच्छिक सेवा : प्राथमिक उपचार सेवा स्वेच्छाले गरिने सहयोग हो, यो आर्थिक लाभबाट प्रेरित नभई विशुद्ध सेवाको भावनाले गरिन्छ ।

७. जानी गर, हानि नगर : प्राथमिक उपचारकले गरेको सहयोगले घाइतेलाई हानि (नराम्रो असर) पर्नुहुँदैन । प्राथमिक उपचार गर्दा अड्कल र अनुमानको आधारमा गर्नुहुँदैन । उपचार प्रदान गर्दा आफूले जानेको पूर्ण दक्षताको प्रयोग गर्नुपर्दछ ।

### निष्कर्ष :

- प्राथमिक उपचारकले प्राथमिक उपचार सम्बन्धी प्राप्त जानकारीको अधिकतम प्रयोग गर्नुपर्दछ ।
- प्राथमिक उपचार प्रदान गर्दा प्राथमिक उपचार सम्बन्धी आधारभूत सिद्धान्तहरूको आत्मसात् गरेर मात्र सेवा प्रदान गर्नुपर्दछ ।
- स्थानीय स्तरमा नेपाल रेडक्रस सोसाइटीका शाखा, उपशाखाले प्राथमिक उपचारसँग सम्बन्धित् तालिम तथा सेवाहरू उपलब्ध गराउँछन् ।

### सिकाइ मापन

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के भए भनी सहभागीहरूलाई सोध्ने ।
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आफ्नो व्यवहारमा के के प्रयोगमा ल्याउन सकिन्छ, लेख्न लगाउने ।



सहयोग :

unicef

वि. सं. २०७१ (सन् २०१४)